# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/**2073**

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८१/०८२

च.नं./Des No.:-

### तह वृद्धि गर्ने सम्वन्धी सूचना ।

सूचना नं. २-२०८१/०८२ (तहवृद्धि)

सूचना प्रकाशन मितिः २०८२/०३/१२

प्रस्तुत विषयमा गण्डकी प्रदेशवाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ (१) अनुसार तह वृद्धि हुन योग्य यस कार्यालय र अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुले देहायका आवश्यक कागजातहरु सहित तह वृद्धिको लागि सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को अनुसूचि १५ वमोजिमको ढाँचामा २ प्रति आवेदन फाराम नेपाली कागजमा भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र उल्लेखित ऐन तथा नियमावली वमोजिम तोकिएका आवश्यक कागजातहरु संलग्न नभएका आवेदन माथि कारबाही नगरिने र तहवृद्धिको प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तह वृद्धिको लागि आवश्यक कागजातहरुः</u>

१. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकन फारम,
२. शुरु स्थायी नियुक्तिको पत्र, तह वृद्धि हुने पद भन्दा एक तह मूनिको पद वा श्रेणीको स्थायी नियुक्ति र सो को लागि आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र,
३. समायोजन पत्र र अद्यावधिक PIS विवरण,
४. शुरु देखि हालसम्मको सेवा प्रमाणित हुने कागजातहरु ।

**पुनश्चः** उल्लेखित ऐनको दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको र दफा ४२ वमोजिम नकारात्मक सूचिमा नरहेको हुनुपर्नेछ ।

०८२/३/१२

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत